# मध्यकालीन अभिलेख



मोहनप्रसाद खनाल

# मध्यकालीन अभिलेख

[ व्याख्यासहित ]

★

★

★

★

★

मोहनप्रसाद खनाल

प्रकाशक—

मोहनप्रसाद खनाल

डुमाखाल, काठमाण्डु

पहिलो पटक

२०३० साल असार

सबै अधिकार लेखकको

मोल-रू ५।-

आवरण—

मोहन खनाल

मुद्रक —

प्रभाकरी प्रेस

कालिकास्थान, डिल्लीबजार

फोन नं. ११-१४७-१३-५६१

# समर्पण

BUDHANILKANTHA SCHOOL
LIBRARY

स्वर्गीय पूज्य पिताज्यूप्रति

मोहनप्रसाद खनाल

# भूमिका

यो पुस्तकका विद्वान् लेखक श्री मोहनप्रसाद खनालज्यु ले योभन्दा अघीका आफ्ना अनेक पुस्तकमा नेपालको इतिहास सम्बन्धी धेरै थाहा नपाइयेका कुरा प्रकाश गरी नेपालको इतिहासका अनेक अँध्यारा कुनालाई उज्यालो पार्नु भयेको छ। हाल यो पुस्तकमा पनी वहाँले ठाउँ ठाउँबाट ऐतिहासिक महत्व-का अभिलेखहरू खोजी ल्याई उपस्थित गर्नु भयेको छ। इनबाट इतिहासप्रति वहाँका प्रगाढ प्रेमको परिचय मात्र पाईंदैन किन्तु तिनले वहांको विद्वता पनी प्रकट गर्छन्।

सिंजाका मल्ल वंशका जो अप्रकाशित अभिलेखहरू यसमा छापियेका छन् तिनबाट मल्लहरूको पूर्वपट्टी भयेको प्रसारका विषयमा केही महत्वपूर्ण कुरा चाल पाइनुबाहेक प्राचीनतम नेपाली गद्य लेखनका केही उदाहरण पनी प्राप्त भयेका छन्।

यसमा प्रकाशित अभयमल्लको सन् १३९१ (शाके १३१२) को अभि-लेखका विषयमा अलीकता चर्चा गर्छु। मल्ल वंशका सिंजाका अन्तिम राजा अभयमल्ल हुन् भन्ने कुरा अनुमान गरियेको छ। यो अनुमानले तेतातिर प्रच-लित यौटा लोकोक्तिद्वारा पनी समर्थन प्राप्त गरेजस्तो मलाई लाग्छ। सो टुक्का विद्वान् प्रदीप रिमालले कर्णाली लोक संस्कृति, साहित्य, संगीत, कला नामक पुस्तक (पृष्ठ ८८) मा प्रकाश गर्नु भयेको छ। सो "वलिराज राजाभये

अभय राज बाज" भन्ने छ। यसमा भनियेका अभयराज अभयमल्ल हुन् भन्ने मेरो अनुमान छ, किनभने बलिराजको "राज" सित अनुप्रास मिलाउन अभय मल्लको "मल्ल" का सट्टा "राज" प्रयोग गरियेको कुरा बुझिन्छ। करनाली अञ्चलमा बाज समात्ने व्यवसाय प्राचीन कालदेखी चलेको हुनाले अभयमल्ल-लाई बलिराजले समाते भनेको हो कि भन्ने अर्थ लाग्ने भयेता पनी सबै ज्ञात कुराको विचार गर्दा अभयमल्ल बाज उडेझैं भागेर गये भन्ने अर्थ नै मलाई उपयुक्त लाग्छ। अभयमल्लको राज्यमाथी बलिराजको अधिकार स्थापित हुनुभन्दा अघी सिंजाको "चारतले चुनलायेको" दरबारमा सन् १३९३ मा (शाके १३१५) मेदिनी ब्रम्ह बसी सकेको कुरो हामीलाई उनको अभिलेख-द्वारा थाहा भएको छ। उपर्युक्त लोकोक्ति बलिराजका पालामा निर्मित्त भयेका हुनाले येसमा मेदिनी ब्रह्मको अल्पकालिक राज्यकालका कुरो इंगित न-गरिनु आश्चर्यको कुरो छैन।

अभयमल्लको सन् १३७४ को ( शाके१२९८ फाल्गुन ) यौटा अर्को अभिलेख पाइयेको छ। त्यो अभिलेख सेतीका किनारमा स्थित उदुम्बर पुरी आधुनिक डुमराकोटबाट प्रकाशित भयेका कुराले उनी इनैताक सिंजा छोडी सेतीका किनारतिर सिंजाका सामन्त ब्रह्म क्षत्रियहरूले आफ्नाविरुद्ध गरेको कारबाइले गर्दा भागेर गयेका हुन् कि भन्ने अनुमान हुन्छ। रासकोटी मलयबर्मा ठुलो विजयी भयेका कुरा वंशावलीहरूमा सर्वत्र लेखियेको पाइन्छ।

यो अभिलेखका केही अभावहरू पनी विचारणीय छन्। "श्री शाके १३१२ वैशाख दिने स्नमबासरे" भन्ने यो तिथ्याङ्कन यसमा अङ्कित छ तेसमा तिथिको अभाव दृष्टि आकर्षित गर्छ। फेरी यसका अन्त्यतिरको "भूमण्डलका साछी" भन्ने वाक्यांश नपर्ने ठाउँमा परेको स्पष्ट छ। आज्ञा-प्रकाश गरेका ठाउँको उल्लेख पनी यसमा छैन। ई कारणहरूले गर्दा यसका विषयमा उत्पन्न हुने प्रायः उचित शङ्काले डुमराकोटबाट अभयमल्ल सिंजा फर्केको तथा राज्य छोडी भाग्ने हडबडमा यो आज्ञापत्र प्रकाश गरेका कुराको अनुमान गर्नपर्छ। किनभने यसका दुई वर्ष जती पछी सिंजाको सिंहासनमा मेदिनी ब्रह्म बसी सकेको कुरा प्रमाणित।छ

यसमा प्रकाश गरियेका अरू अभिलेखहरू पनी वडा महत्वपूर्णका छन् तथा इतिहासका विद्यार्थीलाई ती खोजीका अनेक मार्ग प्रदर्शन गर्छन् । ई अभिलेखमा प्राप्त नेपाली भाषाका उदाहरणहरूको आफ्नै महत्व छ औ इनबाट हाम्रो भाषाको इतिहास खँदिलो हुँदछ । लेलेको अभिलेखमा हरिसिंहदेवको नाम राजालाई दिइने "श्री श्री जय" उपाधिसहित लेखियेको कुरा तथा उनका त्यो समयसम्मका सवै वंशजहरूका नामको सूची अरू यो सम्बन्धमा गर्न पर्ने खोजीका निम्ती उत्साहित गर्छन् ।

श्रीमोहनप्रसाद खनालज्युले खोजी गर्नुभयेका अभिलेखहरूको यो संग्रह पनी वहाँका पहिले-पहिलेका ग्रन्थ झैं मूल्यवान छ तथा इतिहास प्रेमीहरूलाई वहाँले आफ्ना एकला जिउले गरियेका खोजीद्वारा ठुलो गुण लाउनु भयेको छ । श्री खनालज्युको इतिहासप्रेम तथा खोजी स्तुत्य औ अनुकरणीय छ भन्ने कुरा स्पष्ट छ । यसैले वहाँबाट आफ्ना खोजीको परिणाम भविष्यमा अरू धेरै पाउने आशा गर्दै वहाँका सफलताको कामना गर्छु ।

ज्येष्ठ २०, २०३०, —सूर्यविक्रम ज्ञवाली

# गनथन

यस पुस्तकमा वि. सं० १३७८ देखि १८२२ सम्मका केही अप्रकाशित अभिलेखहरू परेका छन् । लिच्छविकालको अन्त्यदेखि शाहकालको शुरुसम्मलाई मध्यकाल मानिएकोले यस पुस्तकको नाम पनि 'मध्यकालीन अभिलेख' राखिएको छ ।

यसभन्दा अघि प्रकाश गरिएका पुस्तकहरूमा दोलखाका शासकहरूका लेखोट प्रकाशित भएझैं, यसमा कर्णालीप्रदेशका राजाका अभिलेख छापिएका छन् । तर दोलखाको इतिहास र सँस्कृतिबारे कसैलाई कुनै कुरा थाह नभएझैं, नेपालका सुदूर पश्चिमभागको इतिहास, कला, भाषा र साँस्कृतिका सम्बन्धमा धेरै मौन छन् भन्नु अर्घेलो ठहर्ला । किनभने नेपालको इतिहासका माहान् अन्वेषक योगी नरहरिनाथज्यू र इट्लीका प्राध्यापक जिशेपटुचीले पश्चिम नेपालको ऐतिहासिक स्थलहरूको भ्रमण- गरि खोजपूर्ण ग्रन्थहरू प्रकाश गराएका छन् । र यिनै सामग्रीका आधारमा केही विद्वानुहरूले त्यस भेगका इतिहास, कला, भाषा र साँस्कृतिसम्बधी पुस्तक तथा लेख लेखेका छन् ।

पश्चिम नेपालमा व्यापक रूपले गहन अन्वेषण नभएसम्म त्यताका सबैजसो विषय सधैं विवादग्रस्त र अपूर्ण मात्र हुनजाने छन्। अझ त्यति मात्र हैन त्यस भेगमा प्राप्त हुन सक्ने थुप्रै ऐतिहासिक महत्वका राष्ट्रिय गरिमा दिनदिनै नासिंदै गएकाछन् र यसले गर्दा कति महत्वपूर्ण पक्ष नै अन्धकार हुने लक्षण देखापरेको छ। बरू हामीले पश्चिम नेपालका विषयमा यथार्थ कुरा बुझ्न भारत र चीनका सिमानाभित्र पर्न गएका सम्बन्धित क्षेत्र र अझ ती देशका सके सबैजसो संग्रहालय चाहर्न सक्नु पर्छ। नत्रभने कति खास कुराहरू अधूरा नै रहिरहेछन्।

यस पुस्तकमा प्रकाशित कर्णालीप्रदेशका अघिल्ला दुई आधिकारिक पत्रहरूको आफ्नै खास महत्व छ। सो पत्रमा अघि अघिका प्रकाशित लेखोटहरूमाझैं जग्गादान सँग सम्बन्ध राख्ने कुरा मात्र यसमा परेका छैनन्। यहाँ त तात्कालिक शासनव्यवस्था सम्बन्धी मौलिक कुराहरू प्रतिपादित गरिएका छन्। यति मात्र हैन अझ यसमा तेतिवेलाका लौकिक विशिष्टता रहेका छन् र तिनको ठिकसँग विश्लेषण गर्न सकिएमा कति नयाँ कुराहरू उद्घाटन हुनेछन्। जस्तै यहाँ उल्लेखित 'तोला, धार्नी' जस्ता शब्द नेपाली भाषामा कहिलेदेखि प्रयुक्त भएका रहेछन् र त्यहाँ नापतौलबारे के कस्तो व्यवहार चल्दो रहेछ भन्ने कुरा पनि हामीलाई थाहा भएको छ।

कर्णालीप्रदेशका राजाहरूका आज्ञापत्र जस्तै यस पुस्तकमा प्रकाशित अरू पत्रहरू पनि कम महत्वका छैनन्। भक्तपुरका राजा जगज्योतिर्मल्ल ( वि सं० १६८९ ) को यस अभिलेखले नेपाल उपत्यकाभित्र नेपाली भाषाको व्यापकतावारे जुन वोध हामीलाई गराएको छ गोरखाका राजा डम्बरशाह (वि०सं० १७०८) को पत्रले र मकवानपुरका राजा मानिकसेन ( वि० सं० १७७४ ) को पत्रले त्यसवेलाको शासनव्यवस्थासम्बन्धी कति कुराहरू बुझ्नमा हामीलाई ठूलो सघाउ पुऱ्याएका छन्। त्यस्तै यहाँ प्रकाशित अरू पत्र र परिशिष्टमा परेका लिच्छविकालका तीन अभिलेखहरूबाट नेपालको इतिहास तथा सांस्कृतिका कतिपय पक्षहरूबारे हामीलाई विचार गर्न सजिलो भएको छ।

भन्नु पर्ने कुराहरू प्रायः पुस्तकमा नै भनिसकिएका छन्। तर समीक्षाका संपादक श्री मदनमणि दीक्षितज्यूले समाचार प्रधान जस्तो सातदिने

पत्रिकामा कलमका कलम ठाँउँहरू दिनुभई यसलाई पुस्तकको रूपमासमेत प्रकाश गरिदि ठूलो गुन लगाउनु भएको छ। साथै श्री दुर्गाप्रसाद घिमिरे र श्री सिद्धिराज पाण्डेज्यूहरूले यसमा परेका केही महत्वपूर्ण पत्रहरू पत्तालगाइ सूचना दिनु भएको र दाजु श्री परशुराम खनालज्यू बाट अभिलेखहरूका खोजीमा जाँदा पाएको सहयोग तथा श्री ज्ञानवज्र लामाज्यूले तिब्बती भागको पाठ पढी अनुवाद गर्ने काममासमेत सघाउ पुऱ्याउनु भएको हुंदा उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्नु मैले आफ्नो कर्तव्य संझेको छु।

२०३० वैशाख पूर्णिमा
डुमाखाल, काठमाण्डु

मोहनप्रसाद खनाल

# विषय-सूची


| क्रम संख्या | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | वि. सं. १३७८ को कर्णालीप्रदेशका राजा आदित्यमल्लको अभिलेख | १ |
| २. | वि. सं. १३८५ को कर्णालीप्रदेशका राजा पुण्यमल्लको अभिलेख | ९ |
| ३. | माघशुक्ल त्रयोदशी प्र. चतुर्दशीको राजल्लदेवीको पालाको अभिलेख | १४ |
| ४. | वि. सं. १४४८ को कर्णालीप्रदेशका राजा अभयमल्लको अभिलेख | १७ |
| ५. | वि. सं. १६८९ को भक्तपुरका राजा जगज्जोतिर्मल्लको अभिलेख | २१ |
| ६. | वि. सं. १६८९ को भक्तपुरका राजा... ... " | २४ |
| ७. | वि. सं. १७०८ को गोर्खाका राजा डम्बरशाहको अभिलेख | २६ |
| ८. | वि. सं. १७५९ को कान्तिपुरका राजा भुपालेन्द्रमल्लकी रानी भुवनलक्ष्मीको अभिलेख | २९ |
| ९. | वि. सं. १७७४ को मकवानपुरका राजा मानिकसेनको अभिलेख | ३२ |
| १०. | वि. सं. १७७४ को भक्तपुरका राजा भूपतीन्द्रमल्लको अभिलेख | ३५ |
| ११. | वि. सं. १७८८ को कान्तिपुरका राजा जगज्जयमल्लको अभिलेख | ३७ |
| १२. | वि. सं. १७९८ को कान्तिपुरका राजा जयप्रकाशमल्लको अभिलेख | ४० |


## परिशिष्ट (क)


| | | |
|---|---|---|
| १३. | वि. सं. १५५९ को भक्तपुर क्वाथुटोल जलद्रोणीको अभिलेख | ४२ |
| १४. | वि. सं. १६०८ को हाँडीगाउँ ढुङ्गेधारामा भएको जलहरीको " | ४३ |
| १५. | हाँडीगाउँ सत्यनारायण मन्दिरभित्रको अभिलेख | ४४ |
| १६. | वि. सं. १६९६ को पशुपति–रामचन्द्रको मन्दिरसँगैको अभिलेख | ४५ |
| १७. | वि. सं. १७११ को भक्तपुर चतुर्वर्णविहारको घण्टाको अभिलेख | ४६ |
| १८. | कान्तिपुर ढोकाटोल ढुङ्गेधाराको अभिलेख | ४७ |
| १९. | वि. सं. १७२६ को लेले महादेवस्थानको अभिलेख | ४९ |
| २०. | वि. सं. १७३१ को कान्तिपुरका राजा नृपेन्द्रमल्लको अभिलेख | ५१ |

२१. वि. सं. १७३९ को गोकर्णको भैरव मन्दिरको अभिलेख ५३
२२. वि. सं. १७५१ को कान्तिपुर विजयेश्वरीसँगै बारीको अभिलेख ५४
२३. वि. सं. १७५६ को हाँडीगाउँ पाटीको अभिलेख ५६
२४. वि. सं. १७५६ को बोडे विसंगाटोल पाटीको अभिलेख ५७
२५. वि. सं. १७५६ साँखु ढोलना टोल शिवमन्दिरको अभिलेख ५९
२६. वि. सं. १७५३ को कान्तिपुर हयूमतटोल पाटीको अभिलेख ६२
२७. वि. सं. १७५४ ललितपुर बालकुमारीको अभिलेख ६४
२८. वि. सं. १७६३ को जेलाटोल पाटीको अभिलेख ६६
२९. सि. सं. १७६९ को गुह्येश्वरीको घण्टाको अभिलेख ६७
३०. वि. सं. १७७२ को नांमुढा भगवानस्थानको अभिलेख ६९
३१. वि. सं. १७८९ को गोकर्णको पाटीको अभिलेख ७१
३२. वि. सं. १८०५ को गोकर्णको पाटीको अभिलेख ७२
३३. वि. सं. १८१४ को भ. पु. जि. सरस्वतीखेल स्वरस्वती मन्दिरको अभिलेख—
३४. वि. सं. १८२२ को ठिमी हात्ती महाङ्काल गणेश मन्दिरको अभिलेख ७५

## परिशिष्ट (ख)

३५. संवत् ३१ को भक्तपुर इनायचोटोलको लिच्छविकालीन अभिलेख ७७
३६. पूर्व २ नं. दुम्जाको लिच्छविकालीन अभिलेख ७८
३७. संवत् ८८ को भक्तपुर भैरवमन्दिरको लिच्छविकालीन अभिलेख ७९

# वि०सं १३७८ को कर्णालि प्रदेशका राजा आदित्यमल्लको अभिलेख-१

**परिचय—**

गण्डकी अञ्चल अन्तरगत गोरखाजील्लामा पर्ने लार्केहिमालको फेदीमा अठारसय खोला पर्दछ। यहाँ रिगाँउको शिरानमा ताघवाङ नामक प्रसिद्ध गुम्वा छ। त्यहाँका लामाहरूको भनाइ अनुसार यो गुम्बा करीव १००० वर्ष पुरानो हो र यहाँ प्रशस्त प्राचीन वस्तुहरूको राम्रो संग्रह थियो। २०१५ सालको नेपाल–चीन सीमा संझौतापछि यो गुम्बा चीनको इलाकाभित्र पर्दा त्यहाँका प्राचीनतम वस्तुहरू अहिले चीनीयाँहरूले अन्तै लगीसकेका छन्। तर २०१५ सालको सीमासंझौता हुनुभन्दा अगाडि सो गुम्वावाट झण्डै १५ कोश उत्तर सम्मका भूभागहरू नेपाल शरहदभित्र पर्दथे। सो गुम्वाका लागि राखिएका अधिकांश गुठीहरू हाल चीन सिमानाभित्रमा नै परेका छन् तापनि केही जग्गाहरू गोरखा जिल्ला अन्तर्गत लुइलोयो ( साम्मा गाउँ ) गाउँ पञ्चायतको साम्दु गाउँमा पनि भएकाले त्यहाँ नै एउटा सानो गुम्बाको निर्माण गरी, ताघवाइ गुम्बावाट लेराएका केही प्राचीन मूर्ति तथा ऐतिहासिक वस्तुहरू राखिएका रहेछन्।

कर्णाली प्रदेशका राजा आदित्यमल्लले ताघवाइ गुम्वाको लागि व्यबस्था–वाँधि गरिदिएको यो ताम्र पत्रको लम्वाई १२ इञ्च तथा चौडाई ८॥ इञ्च छ। प्राचीन नेपाली भाषामा लेखिएको यो ताम्रपत्रको केही भाग तिब्वती लिपि तथा भाषामा समेत भएकोले सोही बमोजिम यहाँ दिइएकोछ। यसमा लेखपंक्ति

१४ छन् तापनि ६ पंक्ति पुरानो देवनागरी लिपिमा लेखिएको छ। ताम्रपत्रको वीच र अन्त्यमा गरि दुई खड्ग र एक शंखको संगै आदित्यमल्लको आ (मुद्रा) कुँदिएको छ। र यहाँ संवत्को संख्या १२४३ दिइएको छ।

## अभिलेखको पाठ—

( १ ) ॐ स्वस्ति ॥ श्री शाके १२४३ श्री मदादित्य मल्लदेव स-
परिबार श्चिरंज—

( २ यतु ॥ राइका भाष् पसाकि अक्नि ॥ बास्गावा लामा
सापरिबारि ह्वा—

( ३ ) म्रा इञ्यु नास्ह्वो ह्वामि दान्पतिह्वो ह्वाम्रा रख्या स्वस्ति
पायिथान रद्रा

( ४ ) वाछन् कटक् आउदा जादा गुम्वा घच् नकिय ॥ कोह्नि जे
घचकर

( ५ ) त सोनतोला १00 को थारोत्ता सुभलोनक्रु ॥ ॥ वरा-
पच्या वा (भा,ष्

( ६ ) पसा भइ ॥ आ ( मुद्रा )

ॐ स्वस्ति। क्षोक्यौं ग्याल्वो आञ्जीमल गी कालुङ स्यार छोक्सु कोइबी मकपोन लोचो थब्ढीख त आर्वानङमी खोरबा मक्मि नम्ला सालवा ताघवाइ गोम्बा माबू लाग्दोङचे-पानम ७/ धेदोङ ग्याल्वो य्होन क्षोकी कुह्निरीम ढजे च्चूक पा ह्वोम्वे खोङला सुह्नि वयाङमा ढोक्वामाथेन ङताक्पोलोङ ढोधोनक्ष् धाङ याङ माजेत्तपर देवारिम्ढो जेक्षुक्भ्ने भिन् ग्यूह्नि साङ ह्निक जिन चाङ दिला सू ह्निम् चिपर सोङ सेर साङ चिक थारो लेन चिङ लुह्नि के तेङ चर ढकपोभ्ने ढुह्नि रेङ खाङ माभ्ने चिलो सहुन घा वाइछे च्यूल के छेर ढी।

आ. ( मुद्रा )



शाके १२४३ को आदित्यमल्लको ताम्रपत्र

## शुद्ध पाठ

ॐ स्वस्ति ।। श्री शाके १२४३ श्री मदादित्यमल्ल देव सपरिवार श्चिरंज-
यतु ।। राइका भाषू पसाकि अक्नि ।। दासगावा ग्रामा सापरिवारि हा—
म्राइ छत्रु नास हो हामि दानपति हो हाम्रा रखया स्वस्ति पायिथान रक्षा
वा छन् कटक् आउदा जादा गुम्बा घच् नकिय ।। कोहि जे घच कर-
त सोन तोला १०० को थारो तासु भलो नकुँ ।। ।। वराप चल्या
वा (भा) पू
पसा भइ. आ

## उल्था

कल्याण होस् ।। श्री शाके संवत् १२४३ परिवार सहित श्री मद्
आदित्यमल्ल देवको चिरंकाल सम्म जय भइ रहोस् ।।

राजाको आज्ञा प्रसार गरियो ।। बासगावा लामाका परिवार प्रति
हाम्राइ सर्व शत्रु नाशहुन् । हाम्रो कल्याण र पादस्थानको रक्षाका लागि
हामीले दानगरी राखेको यो गुम्बामा पल्टन आउँदा जाँदा घच्चा नदिउन् ।।
कसैले यदि घच्चा दियो भने १०० तोला सुन दण्ड हुनेछ र त्यसको भलो
हुनेछैन ।। ।।
वरात (लश्कर) चलेको वेला यो आदेश जारी भयो ।।

## अनुवाद–

धर्मातमा राजा आदित्यमल्ल बाट यस्तो आदेश हुन्छ। पूर्वतर्फ खटिएका मन्त्री, बडाहाकिम र सैनिक तथा देशका सारा प्रजाहरू प्रति।

ताघवाङ र त्यसअन्तरगतका अरू सबै गुम्बामा बस्ने, धर्मशास्त्र बमोजिम पाठपूजा गर्ने यी लामाहरूलाई कसैले दुःख दिई खोसमोस गर्न नपाउने गरी सन्तान दर सन्तान पर्यन्तसम्मको लागि आनन्दकासाथ बसी पाठपूजा गर्नू भनी यो तामापत्र गरिदिएको छ।

अब उप्रान्त पछि हुने राजा तथा प्रजाहरूले परम्परागत धर्मशास्त्र बमोजिम पाठपूजा गर्दै आएका यी लामाहरूलाई खोसमोस गर्नु हुँदैन।

जसले यो आदेशको पालना गर्दैन त्यसलाई सुन साङ ( ? ) एक दण्डलिइ शारीरिक कडा सजाँय पनि हुनेछ। यो सबैले बुझुन भनि मुसाको वर्ष श्रावण महिनाको दशमीमा राजाको आदेश भयो।

## व्याख्या–

यी आदित्यमल्ल जितरिमल्लका छोरा हुन्। बावु जितरिमल्लपछि उनका उत्तराधिकारीका रूपमा यिनी गद्दीमा बसे। आफ्ना पुर्खाहरूले जस्तै यिनीले पनि राज्य विस्तारको कार्यलाई अगाडि बढाउँदै लगेका थिए। तर यिनका पूर्वजहरूले पश्चिमोत्तरतिर राज्य विस्तार गर्दै लगेका भएपनि यिनका बावु जितारिमल्लले बाहेक अरू कसैले पूर्वतर्फ बढ्न सकेका थिएनन्। सबभन्दा पहिले वि. सं. १३४४ मा जितारिमल्लले नेपाल उपत्यकामा आक्रमण गरेका थिए। त्यसवेला स्वयम्भूकोडाँडो नजीकै ठूलोलडाइँ भयो। करीव ८०० जति जितारिमल्लका खस सैन्यहरू यस युद्धमा मारिए। तैपनि जितारिमल्ल अगाडि बढ्दैरहे। आखिर केही नलागी यहाँका सारा बासिन्दाहरू रसद लुकाई बनदुर्गभित्रपसे केहीदिनपछि रसद नपाउँदा जितरिमल्ल आफ्नो खस सैन्यकासाथ स्वदेश फर्के।

यसको चौध महीनापछि वि. सं. १३४५ फाल्गुणमा फेरि जितारिमल्लले नेपाल-उपत्यकामा दोस्रो पटक आक्रमण गरे। जितारिमल्लको यस पटकको

यो आक्रमण पहिलेको अपेक्षा भयङ्कर थियो। ठाउँ ठाउँका किल्लाहरू कब्जा गर्न खस सैन्यहरूले गाउँकागाउँ आगो लगाइदिए। यसपछि यहाँका प्रसिद्ध देवताहरूको दर्शन, पूजा गरी जितारिमल्ल आनन्दका साथ स्वदेश फर्के।

यसको ठीकएकवर्षपछि वि. सं. १३४६ मा जितारिमल्लले फेरि तेस्रो पटक नेपाल–उपत्यकामा आक्रमण गरे। तर यसपटक उनी कसरी स्वदेश फर्केर गए भन्ने कुरा गोपाल वंशावलीकारले लेखेका छैनन् तापनि यिनको यो अभियान पहिले जस्तै राम्रो भएको बुझिन्छ।

तर जितारिमल्लको अहिलेसम्म प्राप्त अन्तिम तिथिमिति पनि यही हो। यसको करीव दस वर्षपछि यिनका उत्तराधिकारी राजा आदित्यमल्लको पालाको श्रीनाथ राउतको अभिलेख पाइएको छ। जसवाट जितारिमल्लपछि आदित्यमल्ल गद्दीमा बसे भन्ने स्पष्ट छ।

तर "कर्णाली प्रदेश" को पृष्ट २७–२९ मा र पूर्णिमा अङ्क ६ को पृष्ट १४–२९ मा घनवज्र वज्राचार्यजी "जितारिमल्लपछि उनका उत्तराधिकारीका रूपमा राजगद्दीमा को बसे भन्ने कुरा अलि विचारणीय छ। पृथ्वीमल्लको स्तम्भलेखमा यहाँनिर दुई दाजुभाइको वंशक्रम देखाउन बढ्ता जोड दिइएको छ। यसकारण गद्दीनशीनको क्रम त्यहाँ अलि स्पष्ट भएको छैन। त्यस स्तम्भ लेखको वर्णन शैलीअनुसार जितारिमल्लपछि उनका भतिजा रिपुमल्ल गद्दीमा बसेका देखिन्छन्। किनभने त्यस स्तम्भ लेखमा जितारिमल्लका छोरा आदित्य-मल्लभन्दा अघि रिपुमल्लको उल्लेख गरिएकोछ।"भन्नु हुँदै कोरा कल्पनाद्वारा जितारिमल्लपछिराजा भएका आदित्यमल्ललाई राजाहोइनन् भन्दै घुमाउरो कुरा लेखी"परन्तु यहाँनिर एउटा कुराले अलि शङ्का पैदा गराइदिएकोछ। रिपुमल्लको अहिले थाहा पाइएको समय वि.सं. १३६९ हो। रिपुमल्लले नेपाल–उपत्यकामा यात्रा गरेको साल यही हो, निगिलहवाको अभिलेखमा देखिएको यिनको समय पनि यही नै हो। यसकारण वि. सं. १३६९ मा रिपुमल्लले राज्य गरिरहेका थिए भन्ने कुरा निश्चित छ। तर दुल्लु ज्वालाजीमा रहेको वि. सं. १३५६ को एउटा सानो अभिलेखमा आदित्यमल्ललाई 'राजा' भनी लेखिएको पाइन्छ।···

······आदित्यमल्लले वि. सं. १३८४ मा नेपाल–उपत्यकामा आक्रमण गरेको हुनाले त्यस समयमा आदित्यमल्ल शासन गर्दै थिए भन्ने कुरामा पनि शङ्का गर्ने ठाउँ छैन । यतावाट क्वाट्ट हेर्दा जितारिमल्लपछि उनका छोरा भतिजाले भिन्ना भिन्नै शासनकायम गरे कि भन्ने देखिन्छ ।······माथि उल्लेखित वि. सं. १३५६ को अभिलेख खुद आदित्यमल्लको होइन, श्रीनाथ राउतले सो अभिलेख कुँदाएका हुन् । श्री नाथ राउत आदित्यमल्लका मानिस भएका हुँदा रिपुमल्ल राजा भए पनि आफ्ना मालिक राजकुमार आदित्यमल्ललाई पनि 'राजा' भनी विशेषणलाई दिएको षनि हुन सक्छ ।" भनी आदित्यमल्ल राजा होइनन् रिपुमल्ल राजा हुन् भन्ने कुरा लेखिसकेपछि 'जे होस् यो कुरा इतिहास् कारहरूको लागि खोजीको विषय बन्न आएको छ भन्ने मलाई लाग्छ' भन्नुहुँदै दोधारे नीति लिएर आफू पन्छन खोज्नुभएको छ ।

कर्णाली लोक संस्कृति खण्ड १ इतिहासको पृष्ठ ६४–७२ मा सत्य–मोहन जोशीज्यूले पनि प्रायः माथिकै कुराहरूको अनुशरण गरी रिपुमल्लको वारेमा '·········यी अभिलेखहरूवाट पनि बौद्ध धर्म प्रति रिपुमल्लको श्रद्धा छर्लङ्ग हुन्छ, साथै उनको राज्य विस्तार पनि' आदि र 'रिपुमल्लपछि सिंजा-पतिको राज्यसिंहा सनमाको वसे भन्ने कुरामा सन्दिग्ध छ । रिपुमल्लका छोरा संग्राममल्लको नाम लुम्विनीको अशोक स्तम्भमा रिपुमल्लकै नामका साथ उत्कीर्ण भएवाट यी राजाले आफ्ना छोरालाई पनि राज्य निरीक्षणमा अथवा तीर्थ यात्रामा संगै लगेका थिए भन्ने कुरो विदित हुन्छ । तर रिपुमल्लपछि संग्राममल्ल राजा भएको वर्णन भेटिएको छैन । वरू रिपुमल्लपछि, उनका जेठा वा जितारिमल्लका माहिला छोरा आदित्यमल्ल सिंजाधिपति भएको प्रमाण गोपाल वंशावलीवाट प्राप्त हुन आउँछ । यी राजा आदित्यमल्ल रिपु-मल्लभन्दा कान्छो प्रतीत हुन्छ ।' भन्ने जस्ता केही रमाइला कुराहरूले पुस्तक-लाई बढी सिङ्गारनुभएको छ । राजकीय प्रज्ञा प्रतिष्ठानका तर्फवाट कर्णाली अञ्चलमा अनुसन्धानका लागि ततस्थानमा जानु भएका जोशिज्यूले त यस्ता कुराहरू लेख्नुभएको छ भने काठमांडौमा नै वसी अरूहरूले कष्ट साथ खोजी प्रकाश गरि दिएका सामग्रीहरूलाई सरसरती हेरेको भरमा कर्णाली प्रदेशको इतिहास लेख्न खोज्ने धन वज्र वज्राचार्यज्यूले माथिका वाक्यहरू लेख्नु कुनै ठूलो कुरा हैन जस्तो लाग्छ ।

अब राजा आदित्यमल्ल तथा रिपुमल्लका विषयमा विचार गरिन्छ।

जितारिमल्ल पछि वि. सं. १३४६ देखि वि. सं. १३५६ को कुनै पनि समयमा आदित्यमल्ल राजा भएका देखिन्छन। तथा यी आदित्यमल्ल वावु जस्तै विजिगीषु राजा थिए। तर काकाका छोरा रिपुमल्लले पनि यिनलाई राजकाजमा निकै मद्दत गरेका देखिन्छन्। त्यसो हुँदा राजा आदित्य मल्लले वि. सं. १३६९ मा रिपुमल्ल र उनका छोरा संग्राममल्लको मातहतमा केही खस सेना नेपाल उपत्यकातिर पठाएका थिए। तर यो सेनाले नेपाल–उपत्यकामा युद्ध नगरी लुम्बिनी हुँदै फर्केको प्रतीत हुन्छ। नेपाल–उपत्यकाबाट फर्कंदा रिपुमल्लले बुद्धको जन्मथात लुम्बिनीको दर्शन गरी त्यताका स्तंभ तथा शिलामा आफ्नू नामको केही अभिलेखहरू कुदाइ गएका थिए। गोपाल वंशावली कारले रिपुमल्ललाई 'खसिया राजा रिपुमल्ल' भनी लेखेका र कपिलवस्तुको अभिलेखमा 'श्री रिपुमल्ल ञ्चिरञ्जयतु १२३४' तथा लुम्बिनीको अशोक स्तम्भमा ····· श्री रिपुमल्ल ञ्चिरञ्जयतु, संग्रम मल्ल जय' ( इतिहास–प्रकाश २।१ को पृष्ट ८१ मा) र भोटको एउटा मठमा पाइएको 'अभिसमयालङ्कार' भन्ने पुस्तकमा 'सम्वत १३७० फाल्गुन वदि २ शनिदिने। सुरक्षेत्रे। राजराजेश्वर लोकेश्वर श्री रिपुमल्ल देव राज्ये' (पेटेकको मे. ने. को पृ. १०८–९) भन्ने लेखिएको हुँदा रिपुमल्लनै राजा हुन् कि भन्ने जस्तो देखिन्छ तापनि गद्दीनसिन राजा चाँहि रिपुमल्ल होइनन् आदित्यमल्ल नै हुन् भन्ने कुरामा कुनै शंका छैन।

बरू राजासँगै मिलेर राजकाज चलाउने राजाका आफन्तहरूलाई पनि राजालाइनै जस्तो गरी सन्मानका साथ राजोचित विशेषण लगाई लेखिएको कुरा नेपाल–उपत्यकाको इतिहासलाई राम्ररी केलाएर हेरेको खण्डमा स्पष्ट हुन्छ। जस्तै—

"······सम्वत ६२४ वैशाखमासे शुक्लपक्षे तृतिपायां तिथौ घटि ३९··· ···गरकरणे।······रोहिणी नक्षत्र घटि २४।। अतिगण्डयोग घटि ४७ बुध वासेर विवाह······श्री श्री पशुपति चरणकमल धूलिधूशरित शिरोरूह श्री मन्मानेश्वरी वरलब्ध प्रसादिकर रघुवंशावतार देदिप्यमान राजाधिराज परमेश्वर

परम भट्टारक श्री श्री जय वीरमल्ल देवस्य विवाही श्री श्री शमा देव्या (राष्ट्रिय पुस्तकालयको संग्रहमा रहेको प्रकीर्णक पत्रबाट । पूर्णिमा १५ को ३३९ पृष्ट)

यसबाट भक्तपुरका गद्दीनशिन राजा वीरमल्ल हुन् भन्ने जस्तो देखिन्छ । परन्तु भक्तपुर गद्दीनशिन राजा बीरमल्ल होइनन्, भुवनमल्ल हुंन् भन्ने कुरा निर्विवाद छ र चाँगुको अभिलेखवाट पनि सो कुराको पुष्टि हुन्छ ।

'नमो लक्ष्मी देव्यै ।। श्री श्री लक्ष्मी प्रतिमा दयका श्री श्री जय भूवनमल्ल देव ठाकुर सन दिवंगत जय मायियात निमितिन······त्र दयका सम्वत ६२५ फाल्गुन शुदि ३ शुभम ।। ( मे. ने. भाग ३ को पृष्ठ ९५ ) यो अभिलेखवाट वीरमल्लको विवाह राजा भुवनमल्लको राज्यकालमा भएको बुझ्गिन्छ । तर पनि वीरमल्ललाई राजा जस्तै गरि त्यहाँ लेखिएको भरमा नै राजा मान्ने हो भने त बेग्लै कुरा हो । हुन त वि. सं १५८० को भक्तपुर धलाछें टोलको अभिलेखमा "।।······श्री रणमल्ल, श्री भीममल्ल, श्री बीरमल्ल, श्री जीतमल्ल यहाँ राजाहरूले विजय राज्यमा" भनी लेखिएको छ । परन्तु भक्तपुरमा यिनीहरूको संयुक्त शासन देखा पर्दछ तापनि खास गद्दीनसिन राजाहरू मा रायमल्ल, भुवनमल्ल, प्राणमल्लहरू वंशक्रमानुगत राजा हुँदै आएका कुरा प्रसिद्ध हुनाले यहाँ संप्रमाण उध्दृत गर्नु आवश्यक देखिदैन ।

यस्तै वि. सं १६०५ मा भक्तपुर, कान्तिपुर र ललितपुर आदिका राजाहरू मिली गरेको सन्धिपत्रमा पनि "श्री श्री जय वीरमल्ल देव प्रभु ठाकुर सन, श्री श्री जय नरेन्द्रमल्ल देव प्रभु ठाकुर सन, श्री श्री जय जितमल्ल देव प्रभु ठाकुर सन, श्री श्री जय कृष्णमल्ल देव ठाकुर सन, श्री श्री जय कल्याण्मल्ल ठाकुर सन, श्री श्री जय प्रभुमल्ल देव ठाकुर सन, श्री श्री जय गोविन्दमल्ल देव ठाकुर सन,······श्री श्री प्राणमल्ल देव······" भनी लेखिएको छ । तर कान्तिपुरका राजा नरेन्द्रमल्ल र भक्तपुरका राजा प्राणमल्ल हुन् तथा अरू सवै भक्तपुर र कान्तिपुरका मल्ल राजपरिवारका सदस्यहरूमात्र हुन भन्ने कुरामा केही सन्देह छैन तापनि राजोचित विशेषण भने सवैमा लगाइएको छ । यो अलिकतिमात्र हो र यस्ता अनेक उदाहरणहरू पाइन्छन् ।

त्यस्तै यी रिपुमल्ल पनि स्वयं राजा थिएनन् । राजोन्वित विशेषण भने यिनीमा पनि लगाइएको हुँदा यिनी राजा जस्ता देखिएका मात्र हुन । किन कि रिपुमल्लका वि. सं. १३६९ र १३७० का तिथियुक्त केही अभिलेख-हरू पाइएका छन् । जसवाट रिपुमल्ल राजा भएका थिए भन्ने ठोस प्रमाणहरू पाइँदैन । परन्तु आदित्यमल्ल नै राजा भएका थिए भन्ने ठोस प्रमाण नभएका होइनन् । अपाड राजा पृथ्वीमल्लको वि. सं. १४१३ को कनक पत्रमा "एति बृत्ति पूर्विली आदित्यमल्ल राइका पुण्यमल्ल राईका तारादेइ गोसाइ तियाय हिम् जिउ कि सूर्यग्रहण, चन्द्रग्रहण संकलपधालि पसाकरि अक्रि" (तारादेवी गोस्वामी एवं हिमजिउका चर त्रयमा सूर्यग्रहणमा चन्द्रग्रहणमा संकल्प गर्दै यति विर्ता पूर्वज आदित्यमल्ल राइ (राजा) पुण्यमल्ल राइ (राजा) ले दान स्वरूप दिएका थिए ।······) (पाँच सय वर्षको पृष्ट ६–८ मा) भनि लेखिएको छ ।

यसरी पाइएका प्रमाणहरूलाई पनि राम्ररी केलाएर नहेरिएको हुँदा यस्तो अनर्थ भएको हो ।

आदित्यमल्लका करीव २८ वर्ष लामो शासनकाल ( वि. सं. १३५६ देखि लिएर वि. सं. १३८४ सम्म ) का अभिलेखहरू प्राप्त भएका छन् । जस–मध्ये वि. सं. १३७८ को यो अभिलेखले आदित्यमल्लबारे लेखिएका गलत धारणाहरूलाई हटाई वास्तविकतालाई मात्र प्रस्तुत गर्न सफल भएको छ ।

यो ताम्रपत्र कर्णाली प्रदेशका राजा आदित्यमल्लले वि. सं. १३७८ ( इ. सन् १३२१ ) मा ताघवाइ गुम्बाको व्यवस्था बाँधी त्यहाँका लामाहरू-लाई गरि दिएका हुन् । त्यसै साल नेपाल–उपत्यकामा यिनका सेनाहरूले आक्रमण गरेका थिए । र यहाँ पनि पूर्वतर्फ खटिएका मन्त्री बडा हाकीम तथा सैनिकहरूलाई समेत संवोधन गरी लेखिएको छ । त्यसकारण यसवाट पूर्वी प्रदेशहरूमा दख्खल जमाउने कार्यमा यिनी प्रयत्नशील रहेका देखिन्छन् । गोपालवंशावलीमा, पछि यिनले नुवाकोट कब्जा गरेका उल्लेख गरिएको छ । यसवाट कर्णाली प्रदेशको विशाल साम्राज्य पूर्व तर्फ गोरखा ( हालको धादिङ्ग जिल्ला त्रिशूलिवार ) सम्म फैलिएको प्रतीत हुन्छ ।

जेहोस् नेपाली भाषाको इतिहासको साथै कर्णाली प्रदेशको इतिहासमा यो ताम्रापत्रले ठूलो महत्व राखेको छ र आजसम्म प्राप्त नेपाली भाषाको अभिलेखमा सबभन्दा पुरानो रूप पहिले भन्नुमा कुनै अत्युक्ति नहोला ।

# वि. सं. १३८५ को कर्णाली प्रदेशका राजा पुण्यमल्लको अभिलेख–२

**परिचय–**

गण्डकी अञ्चल अन्तरगत गोरखा जिल्लामा पर्ने लार्के हिमालको ताघवाइ नामक गुम्बाका लामाहरूबाट प्राप्त यो तामापत्रको लम्बाइ १५ इन्च तथा ७ इन्च चौडाइ छ। करीव आधा देवनागरि तथा आधा जसो तिबती लिपिमा लेखिएको सो पत्रमा जम्मा लेख पंन्ती २६ छन्। प्राचीन नेपाली भाषामा लेखिएको उक्त पत्रको अन्त्यमा "पुन्नम्मल्ल" नामको मुद्रा अङ्कित छ। र यहाँ संवत् १२५० दिइएको छ।

**अभिलेखको पाठ–**

श्री शाके १२५०

(१) ॐ स्वस्ति। धर्म्मको निको टाकुर। पुणमल्लको अदिस

(२) पूर्वतिर लायो हाहाको मुलिउँ पेषक अदिकारी

(३) करिकि कमकरं सभुँ प्रति काजको घात्ये अछै

(४) कटका मानिसौ पासाकियो ताजुगाइं पाख श्वा–

(५) गिये पनि पुर्विलो महारा(ज) को वले विद्यांकरी अ–

(६) क्रनु तेनकारनलागि महाराज मुदपात पसाकि–

(७) यो महाराजको बल विद्यां करू लामृनि टासि–

(८) कुंसाल लामा पाटा षम्करी ज्निन्तिकि षोत सर

(९) मयाकियो ताजगापास नर्जापालीसित रूत्नि

(१०) स्यांगकोरो मूसो भूपालि माउनि चउनि सोत भा-
(११) त माग्नि कोइ चदूभ हूनं किया महाराजको मुदन
(१२) लेषत तहाँ अइसि विन्तिढोया जोयस मुटपात
(१३) नलेषतास धार्नि सुनको थारोटा सूपत्न लेषजो
(१४) थर्पुषो जंला ।

ॐ स्वस्ति क्षोक्यौं घ्याल्वो क्षेन्वो पुन्नमल्ल चिसुङ स्यार क्षोक्सु कोलवी पोन चे दोर्ज्ये अदिकार ले चे नम् दाङ दुहि चोगी ढीप दुल जेवी मकपोन मक्मी नाम्ला सालवा खाङ्व धलब ङक् क्याङ····· घ्याल्वो नम कि बुवीम ढोदाङ ढोम्म ब ढुप्के चीङ दोपी दोन······घ्याल्वो नम कि ढुपी ढो दाङ घोम् ढुप के चिङ दोत पी दोनक्षा घ्याल······सल च्यूचिङ ७। ङल् गुल् की रीम्ढो बव वुम् होइ सेर नमढो······दङ चे ब् नम······ङीङ घोरो सालवा सोक······नमढील······दुत्ते घेलोङ क ङिङ तक्पे······घ्याङ याङ मज्याङ । घ्या घाङ्वी······मिज्यूङ न खेराङ सर स्ये······सार कार चि की सारो यो चिङ······लनेजङ वहिन् फोहि ···घी लाङ्लो धावा सुम्वी······क्षा पर स्योक स्हने·· ···। टसिपर ग्युर चिङि स्यू सुमल १२५० ।
"पुन्नम्मल्ल" (मुद्रा) शाके

## भावानुवाद—

ठूला धर्मात्मा राजा पुन्नमल्लको यस्तो आदेश हुन्छ । पूर्वतर्फ खटिएका चेदोर्ज्ये अधिकारी, बडा हाकिम र वखत वखतमा परि आएको विघ्न बाधा हटाउने सैनिक अधिकृत र जवानहरू सबै प्रति ।

देशका सारा प्रजा तथा आउने जाने यात्रु र पछि हुने राजाहरू सबैको लागि अगाडिका राजावाट यो घ्याङको व्यवस्था भएजस्तै । धर्मशास्त्रबमोजिम धर्म प्रचार गरी पाठ पूजा गर्ने यी लामाहरूलाई कसैले खोसमोस गर्न दुःख दिन हुँदैन भनी यो तामापत्र गरिदिएको छ । पहिले जस्तै गरी सबैले यो आदेशको पालना गर्नू । जसले यो हुकुम मान्दैन त्यसलाई सुन······(?) दण्ड लिई कडा सजाय हुनेछ ।

साँढे वर्षको वैशाख महिनाको २३ दिन जाँदा यो आदेश भयो ।



शाके १२५० को पुण्यमल्लको ताम्रपत्र

## शुद्ध पाठ

ॐ स्वस्ति । धर्म्मको निको टा (ठा) कुर । पुणमल्लको अविस
पूर्वतिर लायो ह्राहाको मुनिउँ पेषक अदिकारि
करिकि कमकरं सभु प्रति काजको घाल्ये अडँ
कटका मानिसौ पासाकियो ताजगाइँ पाख श्चा
गिर्यं पनि पुत्रिलो महारा(ज)को वल विद्यां करि अ-
कनु तेनकारन लागि महाराज मुदपात पमाकि-
यो क महाराजको वलविद्यां करु लामृनि टासि-
कुंसाल लामा पाटा षम्करी विग्तिकियो तसर
मयाकियो ताजगापास नर्जा पाली सित्त र्तृनि
स्यांगकोरो मूमो भुपालि माउनि चउनि सोत ता-
त मागिन कोइ चदू भदू नकिय । महाराजको मुदन
लेषत तहां अइसि विग्ति ढोया जो यस मुदपात
नलेष तास धानि सुनको थारो टासू पत्न लेषजो
थपुंषा जुंला ।:

पुन्नम्मल्ल शाके १२५०

**व्याख्या—**

यी पुण्यमल्ल नागराजका वंशमा जन्मेका थिएनन् । यिनी त सूयवंशी क्षत्रीय पालहरूका वंशज थिए । सो कुरा दुल्लु स्थित पृथ्वीमल्लको स्तम्भ-लेखले स्पष्ट गरेको छ । तर सिंजाधिपति जितारिमल्लका छोरा आदित्यमल्ल पछि गेलावंशका पुण्यमल्ल अभिषेक गरिएका देखिन्छन् । यसबाट आदित्य-मल्ल पछि पुण्यमल्ल गद्दीमा वसे भन्ने कुरा स्पष्ट छ ।

हुन त आदित्यमल्ल पछि कल्याणमल्ल र उनीपछि प्रतापमल्ल वंश-क्रमानुगत आएको कुरा पृथ्वीमल्लको स्तम्भ लेखले वताएको छ । परन्तु आदित्यमल्लका छोरा कल्याणमल्ल वावु छँदै मरेका र पछि कल्याणमल्लका छोरा प्रतापमल्ल पनि वौद्ध धर्ममा दीक्षित भएका हुँदा आदित्यमल्ल पछि एकैचोटि गेला वंशका पुण्यमल्ल सिंजाको गद्दीमा राखिए भन्ने कुरा ताधवाइ गुम्वाका लामाहरूसंग भएको वंशावलीमा लेखिएको छ ।

तर 'कर्णाली लोक संस्कृति खण्ड १ इतिहासको पृष्ठ ७३ मा' सत्य मोहन जोशीज्यूले "सिंजापति राजाहरूको क्रममा आदित्यमल्ल पछि यिनका छोरा कल्याणमल्ल राजा भए ।······कल्याणमल्ल पछि यिनका छोरा प्रताप-मल्ल राजा भए । यी राजाले निकै ख्याति कमाए । तर यी राजा निःसन्तान थिए, त्यसैले यिनी धर्म—कर्मतिर बढ्ता झुक्न थाले । पछि यिनले आफू मर्नु भन्दा अगाडि आफ्ना भैयाद गेलावंशी पुराङ्का पुण्यमल्ललाई खारि प्रदेशबाट सिंजामा वोलाएर उनलाई नै सिंजाधिपतिको राज सिंहासनमा राखेर आफू खोजर नाथको स शाक्य बिहारमा भिक्षु हुन पुगे ।" भनी लेख्नुभएको छ ।

तर आदित्यमल्लले नेपाल उपत्यका भित्र वि. सं. १३८४ मा आक्रमण गरी कर उठाएको कुरा गोपाल वंशावली र केशर वंशावलीमा लेखिएको छ । त्यसको करीव ९ वर्षपछि वि. सं. १३९३ मा पुण्यमल्लले 'जयाकर पँडित' लाई गरी दिएको कनकपत्र ( श्रीयोगी नरहरिनाथज्यूले कष्ट साथ खोजी 'वृहत्सन्धिपत्र संग्रह' मा यो प्रकाशित गर्नुभएको छ ) वाट पुण्यमल्ल राजा भैसकेको स्पष्ट छ । यसरी आदित्यमल्ल र पुण्यमल्लको समय निकटतम हुँदै

आएको देख्दा देख्दै पनि जोशीज्यूले यति छोटो कालभित्रमा नै चारजना शासकहरूले राज्य गरे भनी लेख्नु भएको छ र यस विषयमा उहाँले यो कसरी हुन आयो होला भन्ने कुराको शंकासम्म उठाउनुभएको छैन। कर्णाली अञ्चलको सिंजा उपत्यकालाई केन्द्र बनाएर अध्ययन, मनन् र अनुसन्धान गरें भन्ने जोशीज्यूले त प्रसस्त यस्ता कुराहरू लेख्नुभएको छ भने धनवज्र वज्राचार्यज्यूको त के कुरा भो र जसको वाक्य नै पनि प्राय: जोशीज्यूको वाक्यसंग समानता भएकोले यहाँ उद्धृत गर्नु आवश्यक छ जस्तो लाग्दैन ।

अब आदित्यमल्ल पछि राजा हुने पुण्यमल्ल बारे विचार गरिन्छ ।

नागराजको वंशमा जितरिमल्ल पछि आदित्यमल्ल राजा भए । यिनको पालाको वि. सं. १३५६ को श्रीनाथ राउतको अभिलेख प्रकाशमा आएको छ । यस पछि वि. सं. १३६९ मा रिपुमल्लले नेपाल–उपत्यकामा पसी केहि दिन पछि लुम्बिनी हुँदै स्वदेश फर्केको कुरा थाहा पाइन्छ । यसरी नेपाल उपत्यका भित्रको तात्कालिक राजनैतिक वातावरणको राम्रो अध्ययन गरी रिपुमल्ल फर्केको करीव १५ वर्षपछि स्वयं आदित्यमल्ल फौज ली उपत्यकामा लड्न आए । त्यसवेला आदित्यमल्लसंग युद्ध गरी विजयी हुन सक्ने शक्तिको यहाँ अभाव थियो । त्यसैले यहाँका शासकहरूले आदित्यमल्ललाई कर दिई सन्तुष्ट गराई फर्काएका कुरा गोपाल वंशावलीबाट थाहा पाइन्छ ।

तर नेपाल उपत्यकाभित्र पसी कर उठाई स्वदेश फर्केको केही समय पछि नै आदित्यमल्लको मृत्यु भएको प्रतीत हुन्छ । आदित्यमल्ल छंदै उनका छोरा कल्याणमल्लको मृत्यु भैसकेको कुरा ताघवाइ गुम्वाका लामाहरूसंग भएको वंशावलीमा लेखिएको छ । उक्त घटनाहरूलाई लिएर वंशावलीकारले यस्तो लेखेका छन्– "आदितमल्ल तसको चेला १ चेली १ आदितमल्लका चेला कल्यानमल्ल तसको टिका भैन वावा हुँदै मरी ग्या···तसको चेला प्रतामल्ल··· प्रतामल्लको भ्याकरू भट्टा अन्थ्यौरो कर्दै लामा पिछा लग्या त राजा आदितमल्ल धेरै शोकाया कत्ती गट्टा फिन्यानन् पछि अति उपदेउ भनी सुळयाया वल्ल गहकाइकन फिन्या ।······राजा आदितमल्ल कन साह्रो हुदै लाग्यो······वेर राजा मऱ्या तव प्रतामल्ल र तिनुका फुपा पुन्नमल्लको भौति पिती थियो । तव

उसै बेला पुन्नमल्लकन टिका दि प्रतामल्ल बुद्ध भै तप गर्न गया तव राजा पुन्नमल्ल रानी सकुनमला भया ।"

यसबाट आदित्यमल्ल पछि पुण्यमल्ल राजा भएको कुरा स्पष्ट हुन्छ । हुन त यो तामापत्रबाट नै पनि आदित्यमल्ल पछि पुण्यमल्ल गद्दीमा बसे भन्ने निश्चित छ । किन कि वि. सं. १३८४ मा आदित्यमल्लले नेपाल–उपत्यकामा आक्रमण गरेको कुरा निर्विवाद छ । अब आएर वि. सं. १३८५ को यो पुण्यमल्लको अभिलेखले यस सम्बन्धमा फैलिएको भ्रमको निराकरण नै गरी दिएको छ ।

भाषाशास्त्री श्री बालकृष्ण पोखरेलज्यूको मत अनुसार "आदित्यवंशी पुण्यमल्लको नागवंशी प्रतापमल्लसंग के सम्बन्ध थियो, यस कुराको खोजी अझै भैसकेको छैन, तापनि कुनै न कुनै साहिनु भएकोले प्रतापमल्लको अपुताली पुण्यमल्लले पाएका हुन्" भन्ने कुरा सत्यको धेरै नजीक पुगेको छ तापनि "……पुण्यमल्लले प्रतापमल्लकी छोरी विहे गरेको हुनु पर्छ ।" भन्ने कुरामा यस वंशावलीले आदित्यमल्लकी छोरी शकुनमालासंग पुण्यमल्लले विवाह गरेका थिए भनी देखाएको हुँदा सो कुराको पनि संशोधन हुन आएको छ ।

यो तामापत्र कर्णाली प्रदेशका अपाङ राजा पुण्यमल्लले वि. सं. १३८५ ( इ. सन् १३२८ ) मा ताघवाइ गुम्वाको व्यवस्था बाँधी त्यहाँका लामाहरूलाई आदित्यमल्लले गरी दिएको सुविधाहरूकी थमौति गरी अरू नयाँ केही नियम बनाई गरी दिएका हुन । यसभन्दा अगाडि प्राप्त भएका पुण्यमल्लका पत्रहरू जग्गा दान सम्बन्धी थियो । तर यो पत्रहरूमा जग्गा सम्बन्धीको कुरा नभै आफ्ना सैनिकहरू समेतलाई आदेश दिई व्यवस्था बाँधिदिएको कुरा परेको छ । त्यसकारण यो तामा पत्रवाट तात्कालीक राज्य व्यवस्था सम्बन्धी केही कुराहरू बुझ्न सकिन्छ । गेलावंशी राजा पुण्यमल्लको साम्राज्यको विस्तार पूर्वमा त्रिशुली देखि लिएर पश्चिममा गढ कुमाउँ तथा उत्तरमा भोटको गुंगे प्रान्त र दक्षिणमा आजको भारतको उत्तरी प्रदेशसम्म फैलिएको प्रतीत हुन आएको छ । जे होस् कर्णाली प्रदेशको इतिहासमा यो तामापत्रले जति महत्व राखेको छ नेपाली भाषाको इतिहासमा यसले त्यतिकै महत्व राखेको छ ।

# माघ शुक्ल त्रयोदशी प्रचतुर्दशीको राजल्लदेवीको पालाको अभिलेख-३

## परिचय—

भक्तपुर सूर्यविनायक देखि केहि दक्षिणपट्टि डाँडोमा अनन्त लिङ्गेश्वर-को प्रसिद्ध मन्दिर छ । सो मन्दिरको दक्षिण–पश्चिम कुनासंगै भित्तामा एउटा चारकुने जलहरि रहेको छ । उक्त जलहरिमा नेवारी लिपिका चारपंक्ति गरि अभिलेखहरू कुंदिएका छन् । अभिलेख भएको भागको लम्बाइ १३ इन्च तथा चौडाइ ३॥ इन्च छ । यहां पहिलो पंक्तिमा संवत्को संख्या र चारौं पंक्तिका केहि अक्षरहरू पढ्न नसकीने अवस्ताका छन् ।

## अभिलेखको पाठ—

(१) ॐ नमः शिवाय ॥ सम्वत (ख. शिव)...माघ शुक्ल
(२) त्रयोदशी प्र. चतुर्दश्यां तिथौ श्रवनणक्षत्रे व्यातिपा—
(३) त योगे वृहस्पतिवासरे श्री श्री राजल्लदेव्या विजयेश्री
(४) .... शगन ... दद्यांपन शुभजगतां ....

## व्याख्या—

वि. सं. १३८२ (इ. सन. १३२६) माघ शुक्ल तृतीयाका दिन तिरहुत-का राजा हर्रसिंह देवले रैतीहरू जम्मापारी आफू अगिसरी बङ्गालमा आक्रमण गरी तिरहुतको बाटो हुंदै दिल्ली फर्कन लागेका सुल्तान गयासुद्दीन तुगलकसंग लड्न तयार भई निस्के । त्यसैले हर्रसिंह देवसंग गयासुद्दीन तुगलक-

को घमासान युद्ध भयो । अन्त्यमा हर्रसिह देवको केहि जोर चलेन । र गयासुद्दीन तुगलकका सैन्यहरूले सिम्रौन गढलाई ध्वस्त पारी दिए । त्यसैले तिरहुत्तका राजा तथा भारादारहरू सबै जङ्गल पसे । फेरि केहि काल पछि हर्रसिह देव आफ्ना परिवार सहित मन्त्रीहरू भएर राजग्राम, दोलखातिर आए । रानी देवलदेवीका साथ एकजना छोरा जगत सिंहलाई वलमागन निमित्त नेपाल उपत्यका भीत्र पठाए । परन्तु केहि दिनपछि तीनपाटनमा राजा हर्रसिह देवको मृत्यु भयो । राजग्रामका माझी भारोहरूले हर्रसिह देवका परिवार लगाएत त्यहाँ भएका मन्त्रीहरूलाई कैद गरी सारा संपत्ती लुटे ।

तिरहुतका राजा हर्रसिह देवकी रानी देवलदेवी र छोरा जगत सिंह देव नेपाल उपत्यका भीत्र पस्ता यहाँ अरिमल्ल र रूद्रमल्लको संयुक्त शासन चलिरहेको थियो । वि. सं. १३७७ को सुरूमा नै रूद्रमल्लले आफ्ना नाता पर्ने अरिमल्ललाई देउपाटनमा राज्याभिषेक दिई राजा तुल्याए । परन्तु गद्दीमा अरिमल्ल नै राखिएका भएपनि राज्यको वागडोर चांहि रूद्रमल्लकै हांतमा थियो । देवलदेवीहरू उपत्यका भीत्र पसेको केहि दिनमा नै तीनपाटनमा हर्रसिह देवको मृत्यु भयो तथा राजग्रामका माझीभारोहरूले त्यहाँ भएकाहरूलाई कैद गरी सारा संपत्ती हात लगाए । त्यसैले हर्रसिह देवकी रानी तथा छोरालाई रूद्रमल्लले इज्जतका साथ सरण दिइ आफ्नु दरवार भीत्रै राखे ।

वि. सं. १३७३ साल आषाढ पूर्णिमाको राति ३० वर्ष ८ महिनाको उमेरमा रूद्रमल्लको मृत्यु भयो । चार जना सती गए । रूद्र मल्लका छोरा वीर मल्ल र त्रिभुवन मल्ल जन्मी केहि कालमा नै मरेका हुँदा छोरी नायक देवी वावुको हकदार भएर रहन लागिन् । तथा नायक देवीलाई उनकी वज्यै पदुमल्ल देवी र देवलदेवी दुवै भई हेर विचार गर्न लागे ।

यसबेला नायक देवीलाई पाउनु नै राजगद्दी पाउनु थियो त्यसैले नायक देवीमा धेरैको दृष्टि पर्न थाल्यो त्यसपछी काशिवाट झिकाइएका चन्द्र वंशी हरिश्चन्द्र देव संग नायक देवीको विवाह भयो । तर हरिश्चन्द्रलाई पन्छाउने उपाय जगत सिंह देवले सोच्न थाले । आखिर हरिश्चन्द्रलाई विष हालेको

खाना खुवाइ मारियो । त्यसपछि जगत सिंह र नायकदेवीमा प्रेम भयो र यी दुवै पतिपत्नी भए ।

त्यसपछिहरिश्चन्द्र देवका भाई गोपालदेवको र जगतसिंह देवको दुश्मनी भयो । गोपाल देव भक्तपुरवाट ललितपुर गए । यसरि गोपालदेव भागि भागी हिड्न थाले । आखिर जगतसिंहदेवले गोपालदेवको शिरकाटी मारि दिए । हुनत फेरि वि. सं. १४०१ मा गद्दीमा बसेका अरिमल्लको पनि देउपाटनमा मृत्युभयो अरिमल्लको सन्तान कोहि पनि नहुंदा राजगद्दी चांहि खालीनै रह्यो । तर राज्यको वागडोर वाबुकै हकदार भएर बसेकी रूद्रमल्लकी छोरी नायकदेवी कै हातमा थियो । आखिर वि. सं. १४०३ सालमा १० दिनकी राजल्लदेवीलाई छाडी आमा नायकदेवीको मृत्यु भयो । पितामही देवलदेवीले आफ्नी नातीनी राजल्ल देवीलाई बडो कष्टका साथ पालनपोषण गर्दै काखमा राखि आफु हर्ताकर्ता बनी शासन गर्न थालीन ।

यो अभिलेख पनि यसैताका राखिएको जस्तो बुझिन्छ । किनकी स्थितिमल्लको उदय हुनु भन्दा अगाडिकै समयमा यो अभिलेख राखिएको हो भन्ने कुरा "श्री श्री राजल्ल देव्या विजये श्री" भन्ने वाक्यले स्पष्ट गरेको छ । तर अभिलेखमा भएको संवत् पढ्न सकिएको भए यो अन्दाज गर्नु पर्ने स्थिति पर्दैन थियो । हुनत यहाँ लेखिएको तिथि मितीवाट गणना गरि संवत्को टुङ्गो लगाउन नसकिने होइन । खास कुनै महत्वपूर्ण विषय भएको भए सो कुरा पनि गरिने थियो । परन्तु यहाँ कुनै खास घटनासंग संवन्ध नभएको र खाली धर्मकार्य गरे वापत राखिएको हुंदा गणना गरि संवत् पत्ता लगाउने कामलाई अहिले थाती राखिएको छ ।

# वि. सं. १४४५ को कर्णाली प्रदेशका राजा अभय मल्लको अभिलेख-४

## परिचय–

धवलागिरी अन्चलअन्तर्गत म्याग्दि जिल्ला संजेल गाउका भानुदत्त उपाध्यायसंग भएको यो ताम्रपत्रको लम्बाइ १६ इन्च तथा चौडाइ ७।। इन्च छ। सो तामापत्र केही काल अघि भाँचिएको र रसायन गरि जोडिएको हुँदा विचका केही अक्षरहरू नष्ट भएका छन्। उक्त तामापत्रका धनिले यो तामापत्रको नक्कल 'घण्टाघर पुस्तक खाना' मा लेगेकोछ भन्नु भएको हुनाले राष्ट्रिय अभिलेखालयमा यस वारे कुरा गर्दा शङ्करमानजी ले अभयमल्लको तामापत्र नै भएको कुरा बताउनु भएकोले त्यहाँ रहेको तामापत्र हेर्दा यसको नक्कल जस्तै उक्त नक्कली तामापत्रमा संवत् तथा केही कुराहरू फरक कुँदिएका रहेछन्। र सक्कली पत्रमा नष्ट भएका केही अक्षरहरू यस नक्कल पत्रवाट लीई यहाँ दिइएको छ। प्राचीन देवनागरी लिपीमा लेखिएको यो तामापत्रमा जम्मा लेख पंक्ति १६ छन्। पत्रको अन्त्यमा "अ भ य म ल्ले" नामाङ्कित चार कुने छाप छ। छापको विचमा खड्ग छ। र यहाँ संवत् १३१३ दिइएको छ।

## अभिलेखको पाठ–

१. ॐ स्वस्ति श्री गणेसायनमः।। राय अन्जन नारायण राय वालगोपाल

२. श्रीमान भयमल्लदेव सदा विजयिनो भवतु'। श्री शाके १३१३ वैशा

३. ष दिने स्वमबासरे राइका आदेस अदिकारी हित राउल रोकाया घो-

४. ग्रा तल मुटिक निक शकस्ना पपाटिचिंता राउलको आलो १ पंडा

५. षेत उदो १६ षेत उनो सातारो केलाघाडि १ डालोदुम टपा- रेषनो

६. वौरउनो पानोषालउनो १ आलो शुक्रयाडावर्ध रकिक वसाउ १

७. चौर जगा यात्त सत्र येकत्र गरी वजगाहालाई शंकल्प घाली न-

८. याकर उपाध्या कि शाखा दियुँ सर्वकर अकर सर्वदोष विसुद्ध क-

९. रिअक्रयाँ सूर्यग्रहण याचित्तछो चन्द्र सूर्य साछि······पगम अषितै गषि

१०. जैतिवम हरिराउल इतषी ठेडुराव जैतिवम सिरू वम् गंगा- धर जोइसि

११ साछि हरि राउल साछि रूपसिं थापा म्यु रोकाया साछि दोगुकु-

१२. मल तिपुरू भाट लेखक विद्याकर जोइशि साछि चंन्द्र सूर्य बुद्ध-

१३. धर्म भूमण्डलका साछि मेरु चलती टरागतं मेति सागरो गात

१४. प्रतिपन मया साछि नवि चलंति तदा चलं। स्वदत्तां परदत्तां वा

१५. योहरेच्च वसुन्धरा। षष्टि वर्ष सहस्राणी विष्ठाया जायते क्रि

१६. मि:॥ शुभम तु ॥

'अ भ य म ल्ल' ( मुद्रा )

व्याख्या—

विक्रमको बाह्रौं शताब्दीको शुरूतिर नागराजले सिजा उपत्यकालाई

आफ्नो राजधानी कायम गरी शासन चलाएको कुरा धेरैले अनुमार गरेका छन् । तर गढवाल बाडाहाटको बुद्ध मूर्तिमा भएको 'भट्टारक नागराज' नामाङ्कित अभिलेखबाट पनि यिनको निश्चित संवत तथा तिथी मिति हरूबारे केही कुरा प्रकाशमा नआएकोले सोही कुरालाई नै अहिले सकार्नु परिराखेको छ । फेरी नागराजका छैटौं पुस्ताका राजा क्राचल्लको कुमाउँ बालेश्वर मन्दिरमा रहेको शक सम्वत् ११४५ को एउटा अभिलेखले वि. सं १२६४ मा क्राचल्लको राज्याभिषेक भएको थियो भन्ने कुरा बताएको हुँदा मोटामोटी हिसावबाट पनि नागराजको समय विक्रमको बाह्रौं शताब्दीको सुरू नै देखिन आएको छ ।

नागराज पछि क्रमशः चाप, चापिल्ल, क्राशि चल्ल, क्राधिचल, क्राचल्ल, अशोक चल्ल, अशोक चल्ल पछि उनका छोरा जितारी मल्ल र जितारी मल्ल पछि उनका छोरा आदित्यमल्ल वंशक्रमानुगत राजा हुँदैआएको कुरा दुल्लु स्थित पृथ्वीमल्लको स्तम्भ लेखले बताएको छ। परन्तु नागराज देखि क्राधि चल सम्मको समय अज्ञात अवस्थामा नै रहेको भएपनि क्राचल्ल देखिका केही तिथी युक्त अभिलेखहरू प्राप्त भएका हुनाले यिनीहरूको समयबारे निकै कुराहरू विचार गर्न सकिन्छ । वि. सं. १२८० सम्म क्राचल्ल जीवितै थिए भन्ने कुरा कुमाउँ बालेश्वरको अभिलेखबाट थाहा पाइएको छ । त्यसको करिव ६४ वर्ष पछि उनका नाती जितारिमल्लले नेपाल उपत्यकामा आक्रमण गरेको कुरा गोपाल वंशावलीमा लेखिएको छ । त्यसैले वि. सं. १२८० र १३४४ को विचमा नै अशोक चल्लको समय पर्दछ भन्ने स्पष्ट छ ।

अशोक चल्ल पछि उनका छोरा जितारि मल्ल र उनी पछि आदित्य मल्ल राजा भए तथा आदित्यमल्लका छोरा कल्याण मल्लको मृत्यु वाबुछंदै भएको र उनका पनि छोरा प्रतापमल्ल बौद्ध धर्ममा दीक्षित भएका हुँदा आदित्यमल्ल पछि गेला बंशका पुण्यमल्ल रोजा भएका कुरा मैले यथास्थानमा लेखिसकेको छु ।

पुण्यमल्ल पछी उनका छोरा पृथ्वीमल्ल सिजा उपत्यकाको गद्दीमा वसे । सो कुरा पृथ्वी मल्लको स्तम्भ लेखले नै स्पष्ट गरेको छ । अब पृथ्वी मल्ल पछि सिजा उपत्यकाको गद्दीमा को वसे भन्ने कुरामा विचार गरिरहनु पर्ने आवश्यकता नै छैन । किनकी पृथ्वीमल्ल पछि उनका छोरा अभयमल्ल नै

राजा भए भन्ने कुरा नै निश्चित छ। किनकी यिनका वि. सं. १४३३ र यो वि. सं. १४४८ (ई. सन् १३९१) को ताम्रपत्र नै प्राप्त भइसकेका छन्। त्यसैले पृथ्वीमल्ल पछि को राजा भए तथा, यी अभयमल्ल कुन वंशका हुन् भन्ने कुरा विचार गर्नु नै निरर्थक छ।

यी अभयमल्ल पृथ्वी मल्लका छोरा हुन्। यिनी पनि बाबु जस्तै पराक्रमी थिए भन्ने कुरा यीनको प्रशस्तिबाट थाहा पाइन्छ। काम्बोज, वनायुज, बाल्हीक, पारसीक आदि देशका घोडाहरू प्रसस्त भएको बलिया सामन्तहरूलाई कज्याएको इत्यादि वर्णन यीनका प्रशस्तिमा परेकाछन्।

तर कर्णाली लोक संस्कृति खण्ड १ इतिहासको पृष्ठ ८० मा श्री सत्य मोहन जोशी ज्यू "पृथ्वीमल्लको मृत्युसमय थाहा हुन सकेको छैन, तर उनका छोरा अधिराज अभयमल्लको नामको शाके १२९८ ( वि. सं. १४३३ ) को ताम्रपत्र प्राप्त भएवाट त्यो बेला सम्म उनी (पृथ्वी मल्ल) जिउँदै थिए भन्ने कुरो प्रमाणित हुन्छ, अन्यथा अभयमल्लले आफूलाई प्रशस्तिमा अधिराजको ठाउँमा राजाको पदवीबाट विभूषित गर्नु पर्ने देखिन्छ", भनि लेख्नु हुन्छ। यो जोशीज्यूले गर्नु भएको कल्पनातीत कुरामात्र हो उहाँको पुस्तकमा यस्ता निकै कुराहरू देखापरेका छन्। किनकी अभयमल्लले आफ्ना पुर्खाहरूले जस्तै "सपरिवार: श्री मान भयमल्ल श्चिरं जयतु ।। श्री शाके १२९८ फाल्गुनवदि रवौं। राइको आदेश ।।" भनि आफुलाई राजोचित विशेषणको साथै राज नै भनि स्पष्टसंग लेखाएका छन्। त्यसैले उक्त तामापत्र अभयमल्लले अधिराज्य कुमारको हैसियतले नभै राजाकै हैसियतले गरिदिएका हुन् भन्ने कुरामा कुनै संका छैन।

प्रस्तुत तामापत्र पनि अभयमल्लले जयाकर उपाध्याका सन्तानलाई सबै कर देखि मुक्तगरी सूर्यग्रहणमा जग्गा संकल्प गरिदिएका हुन्। यसबाट यी अभयमल्ल पनि बाबुबाजे जस्तै धर्मात्मा तथा दानी राजा थिए भन्ने कुरा स्पष्ट हुन आएको छ।

# वि. सं. १६८९ को भक्तपुरका राजा जगज्योतिर्मल्लको अभिलेख-५

## परिचय—

यो कागतपत्र भक्तपुरका राजा जगज्योतिर्मल्लले अनन्तलिङ्गेश्वरको मठका महन्त जङ्गमलाई नित्य पुजागर्नु भनी गुठिराखी गरिदिएका हुन। सो पत्र नेपाली कागत मडचाई बनाइएको छ। एकातिर हरिताल लगाएको उक्त पत्रको छेउमा संवत नभएको लाहाको 'श्री श्री जगज्योतिर्मल्ल' नामाङ्कित वाटुलो छाप छ। कागत अलि जिर्ण भएकोले बीचका केहि अक्षरहरू नष्ट भएका छन। तापनि बाँकी अक्षरहरू राम्रा तथा स्पष्ट छन्। मठका महन्तद्वारा प्राप्त सो पत्रको लम्बाइ १३।। इन्च तथा चौडाइ ७।। इन्च छ। लेखपंति ९ छन। नेवारी लिपिमा लेखिएको भएपनि यो पत्रमा भाषा नेपाली छ। र यहाँ संवत १५५४ दिइएको छ।

## अभिलेखको पाठ—

(१) ॐस्वस्ति ।। श्री शाके १५५४ फाल्गुणमासे कृष्णपक्षे चतुर्दश्यां पुण्य तिथौ श्री मत्पशुपति चर—

(२) ण कमलेत्यादि महाराजाधिराज श्री श्री जगज्योतिर्मल्ल देव प्रभु ठाकुल सन। अतः भाषा। स्था—

(३) नस्य दक्षिण दिशे·········मथको चिताइ गरनु·········
गोष्ठी रोपणी २।। वाषदोल रोपनी--

(४) २ वंथली षेत रोपनी ७।। अनन्त लिङ्ग क्ष रोपनी ४ वंथली षेत रोपनी ७।। अनन्त लिङ्ग क्व रोपनी ३।।

(५) चष्व रोपनी ३ अनगलिक्व रोपनि २ वलसेवलि रोपनि ८ सोमलिं रोपनि २ अनंत लिक्व रोप—

(६) नि २ कालगाखा रोपनि ३ अनंतलिग ............मथमा वसनु .........जगमले अछिन्द्र गरि अ—

(७) नन्तलिगन नित्यपुजा गर्नु. मथ रह्यासम्म लिनु नाहि नित्यपुजा खन्दीत गर्‍या क्रियाको दो—

(८) ष नाहि कसैले लोभानि पापानि गर्नु नाहि. जउलेगर्‍या पञ्च महापतक.........।। साक्षि ललित सिंह

(९) भारो. शशिशेखर सिंह. भारो. दर्व्वसिंह भारो. लिषित दैवज्ञ शिवनारायण ।। शुभ मस्तु ।

## व्याख्या—

वि. सं. १५३८ मा 'नेपाल मण्डलेश्वर' यक्षमल्लको मृत्यु भयो। यसको करीव ३ वर्ष पछि वि. सं. १५४१ मा यक्षमल्लका एक जना छोरा रत्नमल्लले कान्तिपुर दख्खल गरे । यसै गरी यक्षमल्लका सन्तानहरूमा कलह भएको मौका छोपि ललितपुरका एक जना महापात्र बिष्णुसिंह पनि स्वतन्त्र हुन पुगे । यसो हुँदा नेपाल उपत्यका भीत्रमानै पनि तीन स्वतन्त्र राज्यहरूको सिर्जना भयो ।

कान्तिपुर रत्नमल्लले अठ्याएका भएपनि भक्तपुरमा यक्षमल्लका जेठा छोरा रायमल्लका सन्तानहरूको सासन चल्यो । भक्तपुरका पहिला राजा रायमल्ल पछि उनका छोरा भुवनमल्ल गद्दीमा बसे । भुवनमल्ल पछि उनका छोरा प्राणमल्ल राजा भए । यसरि भक्तपुरका राजा प्राणमल्ल पछि विश्वमल्ल र विश्वमल्लपछि उनका छोरा त्रैलोक्यमल्ल वंशक्रमानुगत राजा हुदै आएका कुरा प्रमाणबाट सिद्ध भै सकेको छ ।

राजा त्रैलोक्यमल्ल पछि उनका छोरा जगज्योतिर्मल्ल भक्तपुरको गद्दीमा बसे । यी राजा जगज्योतिर्मल्ल ठूला विद्वान थिए भन्ने कुरा प्रतित हुन आएको छ । किन कि यिनीले 'हरगौरी विवाह', 'कुञ्जबिहारीनाटक', 'श्लोक सार संग्रह', 'संगीत चन्द्र', 'संगीत सार संग्रह', 'गीतपंचाशिका' 'मुदित कुवलयाश्व नाटक,' 'नरपतिजयचर्या–स्वरोदय दीपिका', आदि ग्रन्थहरूको रचना गरेका थिए । यसैले यीनका आश्रयमा केहि विद्वानहरू पनि बसेका थिए । जसरि यी राजा एक प्रसिद्ध विद्वानका रूपमा देखा परेका छन त्यस्तै यिनीले गरेका धर्मकार्यबाट यिनी अत्यन्त धर्मात्मा राजा थिए भन्ने कुरा प्रकाशमा आएको छ ।

यीनले वि. सं. १६८६ (ई. सन १६२९) मा चाँगुनारायणमा चाँदिको अर्घ चढाएका थिए । यस्तै भक्तपुरको सिद्धपोखरी नजिकै यिनीले वि. सं. १६८७ मा एक तवपोखरी बनाएको कुरा प्रमाणबाट सिद्ध भएको छ । प्रत्यकवर्षमेष संक्रान्तिका दिन गरिने प्रसिद्ध बिसकेट यात्राको आरम्भ पनि यिनै जगज्योतिर्मल्लले गरेका हुन भन्ने कुरा वंशावलीकारले प्रस्तुत गरेका छन् ।

यो पत्रपनि राजा जगज्योतिर्मल्लले वि. सं. १६८९ (इ. सन् १६३३) मा अनन्तलीङ्गेश्वरलाई गुठि राखि गरिदिएका हुन । जगज्योतिर्मल्लको आज सम्म प्राप्त सबभन्दा पछिलो अभिलेख पनि यहि हो । नेपाल उपत्यका भीत्र अहिलेसम्म पाइएको नेपाली भाषाको पहिलो रूपपनि यहि हो । यसरी भक्तपुर का राजा जगज्योतिर्मल्लको राज्यकाल तथा नेपाल उपत्यका भीत्र प्राप्त सब भन्दा पुरानो नेपाली भाषाको इतिहास बारे यो पत्रले निकै महत्वपूर्ण अध्याय थपेको छ भन्नुमा कुनै अत्युक्ति नहोला ।

# वि. सं १६८९ को भक्तपुरका राजा जगज्योतिर्मल्ल को अभिलेख-६

## परिचय —

यो तामापत्र भक्तपुरका राजा जगज्योतिर्मल्लले अनन्तलिङ्गेश्वर महादेवका पुजाचलाउने महन्त लाइ गरिदिएका हुन । यसपत्र मा अछिन्द्र गरी पुजा चलाउन भनी गुठि संवन्धी व्यवस्था बाँधिगरी दिएको कुरा परेकोछ। माथि पाँच संख्यामा परेको पत्रको र यो पत्रको विषय वस्तु एउटै छ । त्यसैले यो पत्रको विशेष परिचय दिनु उती आवस्यक छैन। यस पत्रको लम्वाइ ९॥ इन्च तथा चौडाइ ३॥ इन्च छ । लेख पंत्ति ८ छन् र भाषा तथा लिपि नेवारी छ । र यहाँ संवतको संख्या ७५३ दिइएकोछ ।

## अभिलेखको पाठ—

(१) ? स्वस्ति ।। श्री श्री श्री अनन्तलिंग महदेवस श्री श्री जय जगज्योतिर्म्मल देव प्रभुथाकूल

(२) सन गोष्ठी वूक यंगल दाङचोङ स विचाल याङन मथन चिन्ताया चकंतया भाषा थ्वते रोव २× पाखङ्वू ।। रोव

(३) २ वंथलिवू ।। रोव ७×अनन्तलिंक्व ।। रोव ४ यंथलिवू ।। रोव ७ अन्र्तालिक्व ।। रोव २×चष्व ।। रोव स्व ३

(४) अन्तर्लिक्व ।। रोव २ वलसेवली ।। रोव ८ स्वमर्लिं ।। रोव ८ स्वमर्लि ।। रो २ अन्तलिंक्व ।। रोव नसे २

(५) कालगाखा ॥ रोव स्व ३ अनन्तलिंङ्न यंताकेवा ॥ थ्वते चोङ क्षमं लावल अछिद्रनलावल जुछे

(६) क्षमं अनन्तलिङ्सत स्यं नित्यपूजाया यकेमाल मथदतोले-लिकाय मदू नित्यपूजा छेल -

(७) ङाव लिकाया यादोष मलाक जूलो, थ्वतेया दृष्ट साक्षि. ललितसिंह भालो, शशिशेखर सिंह भारो

(८) उसानथं छे वलिराम तुवलाछे विश्व खनिमं टोल एन्द्र लिखिति कायस्थ मेरू ॥ सं ७५३ फाल्गुण शुदि १३ ॥ शुभ ॥

**व्याख्या —**

यी जगज्योतिर्मल्ल भक्तपुरका राजा त्रैलोक्य मल्लका छोरा हुन। बावु त्रैलोक्य मल्ल को मृत्यु पछि यिनी भक्तपुरको गद्दीमा वसे। भक्तपुरका राजाहरूमा जगज्योतिर्मल्लको विशेष स्थानछ किनकी यिनी स्वयं विद्वान थिए तथा विद्वान हरूको उचीत आदर गर्ने प्रवृतिले गर्दानै यीनको ख्याती फैलीएकोहो।

यो तामापत्रपनी जगज्योतिर्मल्लले अनन्तलिङ्गेश्वरलाई गुठी राखी त्यसको व्यबस्था बाँधि गरिदिएका हुन्। राजा जगज्योतिर्मल्ल ले यसै विषयलाइ लीएर गरिदिएको पत्र र त्यसको व्याख्या माथि पाँच संख्या कै पत्रमा परिसकेको हुँदा फेरी यहाँ व्याख्या गरीहनु पर्ने आवस्यक नभएकोले यसलाइ यही नै टुङ्ग्याउनु परेकोहो।

# वि०सं १७०८ को गोरखाका राजा डम्बरशाहको अभीलेख–७

## परिचय–

योपत्र गोरखाका राजा डम्बरशाहले गंगाधर पाध्यालाइ वनजङ्गलको सुरक्षा सम्बन्धी व्यवस्था बाँधि लेखेका हुन । सो पत्रको माथि "श्री दुर्गा भवानी" नामाङ्कित वाटुलो मोहर छापलागेकोछ । तर छापको रंग कालोछ र छाप पनि अस्पष्ट हुनुको साथैं पत्रपनि सारै जिर्ण अवस्थामा रहेको छ । उक्त पत्रको लम्बाइ करीव ७। इन्च तथा चौडाइ ३ इन्चछ । लेख पंक्ति ९ छन् । लिपि देवनागरि छ र यहाँ संवत्को संख्या १७०८ दिइएको छ । योपत्र प. १ नं. धाडिङ्ग जिल्ला मैंधि निवासि श्री भवानी प्रसाद बाट प्राप्तभएको हो ।

## अभिलेखको पाठ–

(१) स्वस्ति श्री गिरिराज चक्र चूडामणि
(२) नरनाराणे:यादि विविध विरुदा –
(३) वली विराजमान मानोन्नत महारा –
(४) जाधिराज श्री श्री मड्म्बर साहदे –
(५) वानां सदा समरं विजइनां
(६) आ. गंगाधर पाध्याके. लुच्चा वन वु –
(७) प्पांउधो उगो रुष पोथ्रा दियालो भो –
(८) र्लो फा...न नदेव गावधर सभै नरिया......
(९) सुनाव संवत् १७०८ ज्येष्ठ शुदि ७ रोज ६......

**व्याख्या—**

गोरखा राज्यका संस्थापक द्रव्यशाहले वि. सं १६१६ ( इ. सन. १५५९ ) मा धले रजौटाहरूलाई जिती गद्दीमा बसेको कुरा वंशावलीहरूबाट चालपाइएकोछ। यीनै द्रव्यशाहका छोरा पूर्ण शाह भए पूर्ण शाहका छोरा छत्र शाह, राम शाह भए। राम शाहले निकै स्थितीहरू बाँधे तथा बाजे द्रव्य शाहले आर्जेको सानो गोरखा राज्यलाई बढाएर क्रण्डै पूर्वमा त्रिशूली देखि लीएर पश्चिममा चेपे तथा उत्तरमा भोट र दक्षिणमा सेती नदी, सम्म पुऱ्याए। यिनै रामशाहका छोरा यी डम्वर शाह हुन्।

द्रव्यशाहले गोरखालाई स्वतन्त्र राज्य कायमगरी बसेको कुरा लमजुङ का शासकहरूलाई मनपरेको थिएन। त्यसैले लमजुङ गोरखालाई भरिसक्य अचेट्ने दाउ गरिरहन्थ्यो। हुनत लमजुङहरू जत्तीकै गोरखालीहरू पनि लडाका थिए। भएपनि गोरखा भन्दा लमजुङ निकै वलियो थियो। त्यसैले लमजुङ देखि गोरखा सधै शशंकीत हुनुपर्दथ्यो र हुन्थ्यो।

मध्यकालमा नेपाल भीत्र निकै राज्यहरू खडा भएका थिए। त्यसैले एक राज्यले अर्को राज्यलाई अठ्याउने उपाय गरिरहन्थे। बलीया राज्यहरू बाट वचन नीर्धा राज्यहरूले प्रायः सिमोना तिरका अग्ला ठाउँहरूमा किल्ला जमाएका हुन्थे। घनाजङ्गल भीर र पैरोहरुले त्यतिवेला दुर्गका काम गर्दथे। त्यसैले यस्ता ठाउँहरूका रूख काठपातहरू काट्नु मास्नु गऱ्यो भने देशको लागी नै खतडा हुने सम्भावना हुन्थ्यो।

पछि उपत्यका भीत्रका मल्लराजाहरूले पनि वनदुर्गको रक्षाका लागि व्यवस्थाबांधि राखेका ताम्रपत्रहरू पाइएका छन्। कान्तिपुरका राजा जगज्जय मल्ल तथा उनका छोरा जयप्रकाश मल्ल र ललितपुरका राजा राज्य प्रकाश मल्लहरूले वन दुर्गको रक्षा सम्वन्धी व्यवस्था वांधि राखेका पत्रहरू साँखु वज्र-योगिनीमा र कीर्तिपुर वाघ भैरवको मन्दिरमा रहेका छन् (ऐ. प. सं. भाग २) पछि फेरी श्री ५ पृथ्वीनारायण शाहले नाममुढाका पुजाहारीलाई गरिदिएको लालमोहरमा "आगे नाम्मुढा श्री देउताका पुजाहारि······त्यो नाम देउ थानको

वन पनिपाल काफलका रुषको चिताइ पनिगर जो त्यो वन काटला सो डंडाइ पाउला त्यो वनको चिताइ गर···" भनि वनको सुरक्षा संवन्धी व्यवस्था बाँधि लेखिदिएका छन् (पृथ्वी पत्र संग्रह भाग १ को पृष्ठ १४ मा )

यो पत्र पनि गोरखाका राजा डम्बरशाहले वन दुर्गको सुरक्षा सम्बन्धी व्यवस्था बाँधि गंगघर पाध्यालाई गरिदिएका हुन् । गोरखाली राजाहरूमा श्री ५ पृथ्वीनारायण शाहभन्दा अगाडीका शासकहरूले व्यवस्था बाँधि गरिदिएको आजसम्म प्राप्त पत्रहरुमा यो पत्र सबभन्दा पहिलो हो भन्नुमा कुनै अत्यूक्ति नहोला ।

# वि०सं १७५९ को कान्तिपुरका राजा भुपालेन्द्र मल्लको रानि भुवन लक्ष्मीको अभीलेख-८

## परिचय-

कान्तिपुर हनुमानढोका कणेलचोक सत्तलमा इन्द्रजात्राभरी सुनको मोलम्बा लाएको भैरवको मूर्ति राखिएको हुन्छ । सो भैरवको मूर्तिको पादपीठमा जम्मा दुई पंत्ति भरी मसिना अक्षरमा यो अभिलेख कुँडिएको छ । अक्षर भएको भागका लम्बाइ २०।। इन्च तथा चौडाइ १ इन्च छ । यसमा लिपी नेवारी छ र यहां सम्वत्‌को संख्या ८२२ दिइएको छ ।

## अभिलेखको पाठ-

(१) शुभ

*नैपाले युगलाक्ति मूर्त्ति मिलते सम्बतसेर भाद्रके,*
*द्वादश्यां रविवासरे श्रवणते पक्षसिते शोभने,*
*साम्वानन्द सुभैरवस्य कलिता मूर्तिर्म्मदरा ज्ञातया*
*यालक्ष्मी भूवनां विका सूतपती घन्यासतानां बरा ॥*

*सम्बत ८२२ भाद्रपदमासे शुक्लपक्षे द्वादश्यांन्तिथौ श्रमण नक्षत्रे शोभन योगे यथाकरण मूहूर्त्ते आदित्यवासरे सिंहराशिगते सवितरि मकर--*

(३) राशिगते चन्द्रमसि ।। थ्व कुन्हु थ्व श्री ३ आनन्द भैरवो श्री ३ कुमारस्य सुमति श्री श्री भुव (न) लक्ष्मी देवी नस्य पुरुष श्री श्री जय भूपालेन्द्रमल्ल देव स्वर्लोक जुयाव श्री श्री भूपालेन्द्र मल्ल देवस श्री श्री भुवन लक्ष्मो देवीस श्री श्री जय भास्करमल्ल देवस नामन थ्व सोद्म देव कुन दयक इन्द्र यात्रान वोययात प्रतिष्ठा याङाव तयादिन जुरो।। शुभंभूयात ।।

व्याख्या—

